जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्र (District Corona Crisis Management Center, DCCMC) रामेछापद्वारा प्रकाशित

कोभिड-१९ विशेष रामेछाप जिल्ला स्तरीय प्रतिकार्य

# बुलेटिन

वर्ष १ | २०७७ बैशाख मसान्त | अंक २

## भनाई

विश्वव्यापी महामरीको रुपमा फैलिएको कोभिड-१९ लाई लक्षित गरेर नेपाल सरकार, प्रदेश सरकारबाट भएका निर्णय, निर्देशन, परिपत्र र जिल्लास्तरमा भएका सर्वपक्षीय निर्णय, संक्रमणको जोखिम र आवश्यकतालाई मध्य नजर गरी जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्रले निर्णय तथा निर्णय कार्यान्वयनको व्यवस्था मिलाईएको छ ।

कोभिड-१९ को रोकथाम र नियन्त्रण तथा लकडाउनको पूर्णपालना गर्न गराउन अहोरात्र खटिने सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, सबै स्थानीय तहहरु, जनप्रतिनिधि, उद्योगी, व्यवसायी, जिल्ला स्थिति कार्यालय, नागरिक समाज, सञ्चारकर्मी तथा जिल्लावासी सम्पूर्ण महानुभावले आ-आफ्नो क्षेत्रमा गर्नु भएको पहल र योगदान प्रति DCCMC **द्वारा** हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छौं । हामी सबै कोभिड-१९ को संक्रमणको उच्च जोखिममा रहेका छौं । हामीले उच्च सर्तकता नअपनाउने हो भने, यसको संक्रमणबाट हुने क्षति अकल्पनीय हुन सक्ने भएकोले, विश्व स्वास्थ्य संगठनले समय-समयमा जारी गरेका सूचना, मार्गदर्शन, लकडाउन सम्बन्धमा भएका निर्णय, सूचना, नियमहरुको पालना गरी आफूँ पनि सुरक्षित रहौं र अरुलाई पनि सुरक्षित रहने वातावरण निर्माणमा सहयोग पुऱ्याउन यहाँहरुको निरन्तर सल्लाह, सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।

**- प्रमुख जिल्ला अधिकारी**

**रुद्रादेवी शर्मा**

## जिल्ला विपद् व्यवस्थापन समिति रामेछापका मुख्य-मुख्य निर्णयहरु

1. खुल्ला सिमानाको जुनसुकै नाकाबाट भित्रिने यात्रुहरुको आवागमनमा प्रवेश गर्ने/गराउने र प्रवेश गरेकालाई लुकाउने कार्य गरिएमा कानून बमोजिम कार्वाही गरिनेछ ।
2. सुगर, प्रेसर, क्यान्सर, मुटुरोग जस्ता दिर्घरोगीहरुले खाँदै आएको औषधी सबै पालिकाहरुले वडातहबाट माग संकलन गर्ने, माग अनुरुप पालिकाले ल्याई वडा मार्फत वितरण गर्ने व्यवस्था मिलाउने ।
3. रामेछाप जिल्लालाई कोरोना भाइरसको उच्च जोखिमबाट रोकथाम तथा नियन्त्रणका लागि तराईका जिल्लाहरु लगायत अन्य जिल्लाहरुबाट यस जिल्लाको प्रयोगको लागि आई रहेको हरियो तरकारी, फलफूल, माछामासु, अण्डा, कुखुराको ढुवानी २०७७/०२/०१ गते सम्मलाई प्रतिबन्ध लगाउने ।
4. Covid-19 Friendly Ambulance बनाउन बाँकी रहेका सबै पालिकाका Ambulance लाई Covid-19 Friendly बनाई DCCMC मातहतमा राख्ने ।
5. सबै पालिकामा रहेका एम्बुलेन्सहरुलाई तयारी अवस्थामा राख्ने र शिघ्र परिचालन गर्ने व्यवस्था मिलाउने ।

६. संघीय सरकार र प्रदेश सरकारले लकडाउनको अवधिमा सञ्चालनका लागि आएका प्राथमिकता प्राप्त आयोजनाहरु, बाढी, ढुवान, पहिरो रोक्न बाधा बाध्ने, टेण्डर/सम्झौता भएका ठूला आयोजना सञ्चालन गर्ने, आयोजनाको अनुगमन स्थानीय तहले गर्ने र सञ्चालन गर्दा स्वास्थ्य सुरक्षाका मापदण्ड पुरा गर्ने ।

७. नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७६/१२/२६ मा भएको निर्णय बमोजिम यस जिल्लामा कुनै पनि धार्मिक, सांस्कृतिक, सामाजिक परम्परा अनुसार गरिने कार्यहरु सामूहिक रुपमा नगर्ने/नगराउने ।



*प्रतिनिधि सभाका मा. सांसद श्याम कुमार श्रेष्ठ र प्रदेश सभा मा. सांसद शान्ति प्रसाद पौडेल सहित जिल्ला विपद् व्यवस्थापन समितिको बैठक*

# जिल्ला स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्र (DCCMC) को गतिविधि

## कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) रामेछापका पदाधिकारीहरुको नाम तथा सम्पर्क नम्बर

| नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|
| श्री रुद्रादेवी शर्मा | प्र.जि.अ. | ९८५४०५७७७७ |
| श्री फडिन्द्र दाहाल | जि.स.अ. | ९८५४०४०१०७ |
| श्री राजु प्रसाद पौडेल | स.प्र.जि.अ. | ९८५११७३४२६ |
| श्री गणेश सिंह भण्डारी | प्रमुख सेनानी | ९८५११३६७८० |
| श्री बसन्त पाठक | प्र.ना.उ. | ९८५४०५५५५५ |
| श्री रमेश कुमार थापा | प्र.ना.उ. | ९८४१४२३४६६ |
| श्री सुबास कार्की | प्र.अ.अ. | ९८४१९०८०९६ |
| श्री जितेन्द्र कमार कर्ण | स्वास्थ्य प्रमुख | ९८५४०४५००७ |
| डा. आनन्द प्रसाद आचार्य | चिकित्सक | ९८४९१७७०५७ |
| **सल्लाहाकार** | | |
| श्री प्रेम बहादुर खड्का | प्रमुख, जि.स.स. | ९८४०००८७३३ |
| श्री रमेश कुमार बस्नेत | नगर प्रमुख, मन्थली नपा | ९८५१०४८४५८ |

## कोभिड-१९ सम्बन्धि बैशाख महिनामा बसेको विभिन्न बैठकहरु

१. जिल्ला सुरक्षा समितिको बैठक ६ वटा
२. जिल्ला विपद् व्यवस्थापन समितिको बैठक १ वटा
३. जिल्ला स्तरीय Crisis Management Center को बैठक ५ वटा
४. सर्वपक्षीय बैठक १ पटक
५. अन्य सरोकारवालाहरुसँग नियमित



सर्वपक्षीय बैठक बस्दै

## जिल्लास्तरीय Radip Respeonse Team (RRT)

| | |
|---|---|
| स्वास्थ्य प्रमुख श्री जितेन्द्रकुमार कर्ण, स्वास्थ्य कार्यालय | संयोजक |
| चिकित्सक डा. आनन्दप्रसाद आचार्य, जिल्ला अस्पताल | सदस्य |
| प.हे.न., श्री धन बस्नेत, स्वास्थ्य कार्यालय | सदस्य |
| खो.अ., श्री रामकृष्ण बस्नेत, स्वास्थ्य कार्यालय | सदस्य |
| उपसभापति, श्री रामविष्णु बस्नेत, नेपाल रेडक्रस सोसाइटी | सदस्य |
| स्वास्थ्य संयोजक श्री विष्णु बहादुर कार्की, रामेछाप नगरपालिका | सदस्य |
| सि.अ.हे.व.अ., श्री दिपेन्द्र नारायण श्रेष्ठ, रामेछाप अस्पताल | सदस्य |
| अ.न.मि. श्री ममता थापा, रामेछाप अस्पताल | सदस्य |
| ल्या.टे. श्री राजेश प्रसाद पाल, स्वास्थ्य कार्यालय | सदस्य-सचिव |



प्रमुख जिल्ला अधिकारीबाट क्वारेनटाइन स्थल अनुगमन सुनापति गाउँपालिका

## जिल्ला स्तरीय निर्देशक समिति गठन

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| प्रमुख/अध्यक्ष, नगरपालिका/गाउँपालिका | सदस्य |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| प्रमुख सेनानी, नयाँ गोरख गण | सदस्य |
| प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय | सदस्य |
| स.प्र.ना.उ., स.प्र.ब. नेपाल | सदस्य |
| प्र.अ.अ., रा.अ.जि.का. | सदस्य |
| कार्यालय प्रमुख, स्वास्थ्य कार्यालय | सदस्य |
| डा. आनन्द प्र. आचार्य, जिल्ला अस्पताल | सदस्य |
| जि.स.अ., श्री फणिन्द्र दाहाल, जि.स.अ. | सदस्य सचिव |

## सल्लाहकार समूह

- प्रतिनिधि सभा सदस्य, माननीय सांसद श्यामकुमार श्रेष्ठ
- प्रदेश सभा सदस्य एवं आर्थिक मामीला तथा योजना मन्त्री, माननीय सांसद कैलाश प्रसाद ढुंगेल
- प्रदेश सभा सदस्य, माननीय सांसद शान्ति प्रसाद पौडेल
- प्रदेश सभा सदस्य, माननीय सांसद श्री रिता माझी
- जिल्ला समन्वय समितिका प्रमुख श्री प्रेमबहादुर खड्का
- मन्थली न.पा. नगर प्रमुख रमेश कुमार बस्नेत

# जिल्ला स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैशाख महिनाको बैठकबाट भएको मुख्य-मुख्य निर्णयहरु

5. प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा देहाय बमोजिमको Deathbody Managemet Team गठन गर्ने ।
   - प्र.जि.अ., श्री रुद्रादेवी शर्मा,जिल्ला प्रशासन कार्यालय
   - सबै पालिका प्रमुख/अध्यक्ष
   - प्रमुख सेनानी, श्री गणेशसिंह भण्डारी, नन्दावक्स गण
   - प्र.ना.उ., श्री बसन्त पाठक, जिल्ला प्रहरी कार्यालय
   - स.प्र.ना.उ., श्री रमेशकुमार थापा, सशस्त्र प्रहरी बल नेपाल
   - प्र.अ.अ., श्री सुवास कार्की, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय
   - डा. आनन्द प्रसाद आचार्य, जिल्ला अस्पताल
   - डा. केशवसिं धामी, तामाकोशी अस्पताल
6. विरामी राख्न मोडिफाई गरिएको स्टेचर लगायतका सामानहरु सबै पालिका र अस्पतालहरुले तयारी अवस्थामा राख्ने ।
7. असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराउने राहत सम्बन्धित नमुना मापदण्ड, २०७६ स्वीकृत भई सम्पूर्ण पालिकामा पठाईएकोमा नमुना मापदण्डको आधारमा मापदण्ड स्वीकृत गरी आवश्यक व्यक्तिहरुलाई मात्र राहत वितरण गर्न सबै पालिकाहरुलाई अनुरोध गर्ने ।
8. गृह मन्त्रालयको मिति २०७७/०१/०६ को पत्रानुसार अनुरोध भए बमोजिम सामाजिक सद्भावमा प्रतिकुल असर पर्ने गरी विभिन्न सञ्चार माध्यम तथा सामाजिक संजाल मार्फत प्रवाह हुने गलत सूचना नियन्त्रण तथा सामाजिक सद्भाव र धार्मिक सहिष्णुतामा आँच आउन नदिन प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने ।
9. गृह मन्त्रालयको च.नं. ३५९६ मिति २०७७/०१/०८ को पत्रानुसार विभिन्न स्थानहरुबाट सडक/बाटो अवरुद्ध भएको यसबाट अत्यावश्यक सेवा, शान्ति सुरक्षासँग सम्बन्धित सवारी साधन आवतजावतमा समेत प्रतिकुल असर पर्ने हुँदा यस जिल्ला भित्र सडक बाटो थुनछेक, अवरोध भएको भए अविलम्ब बाटो खुलाउने व्यवस्था गरी आवगमन सूचारु गर्ने।
10. रामेछाप जिल्ला प्रवेश गर्ने खाद्यान्न, तरकारी लगायतका सामाग्रीहरु लिएर आउने सवारी साधनहरुलाई Sanitization गर्नको लागि भैसेश्वर चोकमा Post स्थापना गर्ने । यसको लागि नेपाल रेडक्रस सोसाइटीले Logistic को व्यवस्थापन गर्ने साथै Sanitization सम्बन्धि कार्य गर्ने, उक्त कार्यमा मन्थली नगरपालिका र जिल्ला प्रहरी कार्यालयले आवश्यक समन्वय गर्ने ।

1. जिल्ला अस्पताल रामेछापको Isolation Bed को क्षमता विस्तार गर्न आवश्यक देखिएकोले Bed क्षमता विस्तार गर्न जिल्ला अस्पताल रामेछापले आवश्यक बजेटको लागत अनुमान तयार गरी बागमती प्रदेश सामाजिक विकास मन्त्रालयमा लेखि पठाउने।
2. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि स्वास्थ्य सामाग्री बागमती प्रदेश सामाजिक विकास मन्त्रालयमा माग गरी पठाउने ।
3. नगरपालिका र गाउँ पालिकाका क्वारेन्टाइन वेड अनुगमन गर्दा मापदण्ड अनुकुल आवश्यक सामाग्री राख्न आवश्यक देखिएकोले सबै पालिकाले सामाग्रीहरु (ओढ्ने, ओछ्याउने, झुल सहितको खाट, Personal Hygiene Kits, फोहोर फाल्ने डस्टविन) लगायत खरिद गरी सामाग्री सहितको विवरण जिल्ला प्रशासन कार्यालयमा पठाउने ।
4. COVID-19 Friendly एम्बुलेन्सलाई जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्र मातहत राखिएकोले जिल्ला प्रशासन कार्यालयको अनुमति लिएर मात्र चलाउने व्यवस्था गर्न सबै पालिकालाई अनुरोध गर्ने ।



DCCMC को बैठक




जिल्ला अस्पताल रामेछापलाई स्वाव संकलनमा प्रयोग हुने बुथ हस्तान्तरण गर्दै प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा

## बुथ हस्तान्तरण

नेपाल इन्जिनियर एसोसियसन बागमती प्रदेशले जिल्ला अस्पताल रामेछापलाई स्वाव कलेक्सन बुथ उपलब्ध गराएको छ । सुरक्षित रुपमा स्वाव संकल्न गर्न सहयोग गरेको बुथ प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा मार्फत अस्पताल व्यवस्थापन समितिका अध्यक्ष रोशन पाखिनलाई हस्तान्तरण गरिएको छ।

## RDT परीक्षणहरुको विवरण

| स्थानिय तह | आर.डि.टी.परिक्षण | | | | पि.सि.आर.परिक्षण | | | |
|---|---|---|---|---|---|---|---|---|
| | म. | पु. | जम्मा | रिपोर्ट | म. | पु. | जम्मा | रिपोर्ट |
| जिल्ला अस्पताल | ० | १ | १ | Negative | १ | ५ | ६ | Negative |
| मन्थली नगरपालिका | ६ | ४१ | ४७ | Negative | ० | ० | ० | - |
| रामेछाप नगरपालिका | ० | २६ | ० | Negative | ० | ० | ० | - |
| उमाकुण्ड गाउँपालिका | ५ | ११ | १६ | Negative | ० | ० | ० | - |
| खाँडादेवी गाउँपालिका | १५ | ३४ | ४० | Negative | ० | ० | ० | - |
| गोकुलगंगा गाउँपालिका | १४ | २७ | ४१ | Negative | ० | ० | ० | - |
| लिखु तामाकोशी गा.पा. | १ | ५ | ६ | Negative | ० | ० | ० | - |
| दोरम्बा गाउँपालिका | ६ | ९ | १५ | Negative | ० | ० | ० | - |
| सुनापति गाउँपालिका | ३ | १८ | २१ | Negative | ० | ० | ० | - |
| जम्मा | ५० | १७३ | २२३ | | १ | ५ | ६ | |



जिल्ला अस्पताले RDT परीक्षण गर्दै

## प्रवेश नाकामा उच्च सतर्कता र सशस्त्र प्रहरी परिचालन

मिति २०७७/०१/२६ गतेको जिल्ला सुरक्षा समितिको बैठकले जिल्ला प्रवेश नाकाहरुमा चेकजाँचमा कडाई गर्न सुरक्षाकर्मीहरु परिचालन गरिएको । रामेछाप जिल्ला प्रवेश गर्ने खैरेनीघाटमा बैशाख २८ गते बाट सशस्त्र प्रहरी बलको अस्थायी चेकपोष्ट स्थापना भई संञ्चालनमा आएको छ । रामेछाप-सिन्धुली जोड्ने खैरेनी नाकामा सुरक्षा पोष्ट नहुँदा खाँडादेवी, सुनापति र दोरम्बा गाउँपालिकामा पास विनाका सवारी साधन र लुकेर पैदल गर्ने यात्रुहरु बढेकोले सोको नियन्त्रण गर्न चेकपोष्ट स्थापनाले सहयोग पुगेको छ । त्यसै गरी दक्षिण तर्फ खाँडादेवी गाउँपालिकाको खैरेनीघाट, सित्खा, सुनापति गाउँपालिकाको लुभुघाट, पूर्व तर्फ रामेछाप नगरपालिकाको साँघुटार, उत्तर तर्फ लिखुतामाकोशी गाउँपालिकाको खिम्ति लगायत जिल्ला भित्रका विभिन्न स्थानमा भएको झोलुङ्गे पुलबाट आवात जावत गर्ने कार्यलाई निगरानी गर्न सुरक्षाकर्मीद्वारा Patrolling गर्ने, निषेधित सवारी साधन, यात्रुहरुको आवागमनलाई नियन्त्रण गर्ने, पैदल यात्रा गर्न नदिने, शंकास्पद व्यक्तिहरुको सम्पर्क नम्बर सहितको विवरण संकलन गर्ने, संक्रमित जिल्लाबाट प्रवेश गरेका व्यक्तिलाई क्वारेन्टाइनमा पठाउने व्यवस्थाका साथै मालबहाक सवारी साधनमा लुकिछिपी मानिस ओहोर दोहोर गर्ने कार्यलाई पूर्ण रुपमा रोक्ने र सुक्ष्म निगरानी गर्ने कार्य गरिएको छ ।

# क्वारेन्टाइन, आइसोलेसन तयारीको अवस्था

## क्वारेन्टाइनको अवस्था

जिल्ला स्थित ८ वटै स्थानीय तहका ४१ स्थानमा ३३१ वटा वेड क्षमताका क्वारेन्टाइन स्थलहरु निर्माण गरिएको छ । हालसम्म स्थानीय तहगत क्वारेन्टाइन संख्या र क्वारेन्टाइनमा बसेका व्यक्तिहरुको विवरण निम्नानुसार रहेको छ ।

| क्र.स | स्थानीय तह | वेड संख्या | क्वारेन्टाइनमा बसेको संख्या | | | क्वारेन्टाइनबाट फिर्ता संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | मन्थली नगरपालिका | ३६ | २४ | ५७ | ८१ | २४ | ५७ | ८१ |
| २ | रामेछाप नगरपालिका | ७० | १ | ३० | ३१ | १ | ३० | ३१ |
| ३ | उमाकुण्ड गाउँपालिका | ५३ | ३ | २५ | २८ | ३ | २५ | २८ |
| ४ | खाँडादेवी गाउँपालिका | ४७ | १८ | २३ | ४१ | १८ | २३ | ४१ |
| ५ | गोकुलगंगा गाउँपालिका | ३४ | १४ | २५ | ३९ | १४ | २५ | ३९ |
| ६ | लिखु तामाकोशि गाउँपालिका | ४९ | ० | ५ | ५ | ० | ५ | ५ |
| ७ | दोरम्बा गाउँपालिका | १६ | ६ | १४ | २० | ६ | १४ | २० |
| ८ | सुनापति गाउँपालिका | २६ | ३ | १९ | २२ | ३ | १९ | २२ |
| जम्मा | | ३३१ | ६९ | १९८ | २६७ | ६९ | १९८ | २६७ |

## स्थानीय तहगत रुपमा तयार गरिएका Isolation वेडहरुको विवरण

| स्थानीय तह | स्थान | वेड संख्या |
|---|---|---|
| रामेछाप नगपालिका | जिल्ला अस्पताल, रामेछाप | ४ |
| | साँघुटार स्वास्थ्य चौकी | ३ |
| मन्थली नगरपालिका | तामाकोशी अस्पतालमा | १४ |
| | रामेछाप सामुदायिक अस्पतालमा | ४ |
| | मन्थली प्रा.स्वा.के मन्थली | ४ |
| सुनापति गाउँपालिका | गुन्सी स्वास्थ्य चौकी | ३ |
| | बेथान स्वास्थ्य चौकी | ३ |
| खाँडादेवी गाउँपालिका | राकाथुम स्वास्थ्य चौकी | १ |
| | मझुवा स्वास्थ्य चौकी | २ |
| | भिरपानी स्वास्थ्य चौकी | २ |
| | पकरवास स्वास्थ्य चौकी | २ |
| | माकादुम स्वास्थ्य चौकी | ४ |
| दोरम्बा गाउँपालिका | दोरम्बा स्वास्थ्य चौकी | ७ |
| गोकुलगंगा गाउँपालिका | चुचुरे वडा न १ | ५ |
| लिखु तामाकोशी गापा | विजुलिकोट | ३ |
| जम्मा | | ६१ |

यस जिल्लामा २०७७ बैशाख मसान्त सम्मको दिनमा कुनै पनि व्यक्ति क्वारेन्टाइन र आइसोलेसनमा नरहेको साथै कोभिड-१९ को मिल्दोजुल्दो लक्षण देखिएको ६ (छ) जनाको स्वाव परीक्षणको लागि धुलिखेल अस्पताल र केन्द्रीय प्रयोगशालामा पठाईएकोमा रिपोर्ट नेगेटिभ आएको छ ।



*रामेछाप अस्पतालको आइसोलेन वेडहरुमा रहेका बिरामीहरु*

**विश्व व्यापी रुपमा फैलिएको कोभिड-१९ (कोरोना भाइरस) को संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं । सामाजिक दूरी कायम गरी आफू र आफ्नो परिवार, समुदाय र राष्ट्रलाई बचाऔं।**

## जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारीद्वारा अनुगमन

मिति २०७७/०१/१४ गते प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको संयोजकत्वमा (DCCMC) का पदाधिकारीहर द्वारा खाँडादेवी र सुनापति गाउँपालिकामा रहेका क्वारेन्टाइन तथा आइसोलेसन वाडको अनुगमन गरिएको छ । अनुगमनको क्रममा सुनापति गाउँपालिका अध्यक्ष धावा लामा र खाँडादेवी गाउँपालिकाका अध्यक्ष प्रेम बहादुर तामाङ सहितको गाउँपालिकाको टोलीसँग पालिकाको शान्ति सुरक्षा खाद्यान्न र राहत वितरणको अवस्था विपद् व्यवस्थापनको तयारी र आयोजनाहरुको विषयमा छलफल गरिएको थियो । स्थानीय क्वारेन्टाइनमा आवश्यक सामाग्री सहित थप मापदण्ड अनुकुल बनाउन आवश्यक देखिएको समितिद्वारा सुझाईएको थियो ।




*प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा एवं सुरक्षा निकायका पदाधिकारी, स्वास्थ्य सहितको संयुक्त टोलीबाट खाँडादेवी गाउँपालिकामा क्वारेन्टाइन, आइसोलेसन, बजार लगायत पालिकाको वस्तुस्थितिको अनुगमन गर्दै*



*प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा एवं सुरक्षा निकायका पदाधिकारी, स्वास्थ्य सहितको संयुक्त टोलीबाट सुनापति गाउँपालिकामा क्वारेन्टाइन, आइसोलेसन, बजार लगायत पालिकाको वस्तुस्थितिको अनुगमन गर्दै*



*प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा एवं सुरक्षा निकायका पदाधिकारी, स्वास्थ्य सहितको संयुक्त टोलीबाट सुनापति गाउँपालिकामा पालिकाको शान्ति सुरक्षा र वस्तुस्थितिको बारेमा छलफल*



## स्थानीय तहहरुको प्रमुख/अध्यक्षहरुको नामावली एवं सम्पर्क नम्बरहरु

| नपा/गापा | पद | नाम थर | सम्पर्क नं. |
|---|---|---|---|
| मन्थली नगरपालिका | प्रमुख | श्री रमेश कुमार बस्नेत | ९८५१०४८४५८ |
| रामेछाप नगरपालिका | प्रमुख | श्री नर बहादुर थापा मगर | ९८५१११३८०२ |
| उमाकुण्ड गाउँपालिका | अध्यक्ष | श्री शेर ब. सुनुवार | ९८४३०८१८५१ |
| गोकुलगंगा गाउँपालिका | अध्यक्ष | श्री खड्क सुनुवार | ९८५११७१३२५ |
| लिखुतामाकोशी गाउँपालिका | अध्यक्ष | श्री गोबिन्द बहादुर खड्का | ९८५१०९७७३९ |
| दोरम्बा गाउँपालिका | अध्यक्ष | श्री कमान सिंह तामाङ | ९८५४०४३९६९ |
| सुनापति गाउँपालिका | अध्यक्ष | श्री धावा लामा | ९८५४०४००४० |
| खाँडादेबी गाउँपालिका | अध्यक्ष | श्री प्रेम ब. तामाङ | ९८५४०४०१६८ |

### COVID-19 सम्बन्धी रोकथाम तथा उपचारको लागि जिल्ला एवं स्थानीय तहहरुको स्वास्थ्य संयोजकहरुको सम्पर्क नम्बर

| कार्यालय | संयोजकको नाम | सम्पर्क नम्बर |
|---|---|---|
| स्वास्थ्य कार्यालय | श्री जितेन्द्र कुमार कर्ण | ९८५४०४५००७ |
| जिल्ला अस्पताल | डा. आनन्द आचार्य | ९८४९१७७०५७ |
| मन्थली नपा | श्री केशव फुयाल | ९८५४०४०३४७ |
| रामेछाप नपा | श्री विष्णु कार्की | ९८५४०४३४०१ |
| लिखु तामाकोशी गापा | श्री जयप्रकाश राय | ९८४४२०१०६२ |
| सुनापति गापा | श्री प्रवल योञ्जन | ९८५११८७०८३ |
| उमाकुण्ड गापा | श्री दिपेन्द्र पैकारा | ९८५४०४००६५ |
| गोकुलगंगा गापा | श्री जागीर राय | ९८४९८५०३१५ |
| दोरम्बा गापा | श्री कमल भट्टराई | ९८४१२०८१७३ |
| खाँडादेवी गापा | श्री ओम प्रकाश श्रेष्ठ | ९८४४१४२०७५ |

### हाल सम्म प्राप्त विवरण अनुसार स्थानीय तहहरुले राहत वितरणको विवरण

| क्र.स. | स्थानीय तह | वडा नं. | राहत वितरण घर परिवार संख्या |
|---|---|---|---|
| १. | मन्थली नगरपालिका | १ | २९१ |
| | | ७ | ६ |
| | | १२ | ४ |
| २. | गोकुलगंगा गाउँपालिका | १ | ८३ |
| | | २ | १०० |
| | | ३ | ८२ |
| | | ४ | ४० |
| | | ५ | २५ |
| | | ६ | ६० |
| जम्मा | | | ६९१ |

## स्थानीय तहबाट थालनी भएका अभ्यासहरु

### निशुल्क औषधी वितरण

उमाकुण्ड गाउँपालिका भित्र रहेका नियमित औषधी सेवन गर्ने दिर्घ रोगीहरुलाई निशुल्क औषधी वितरण गरिएको छ । लकडाउनको अवधिमा पालिकाको स्वास्थ्य शाखा मार्फत निशुल्क रुपमा हाललाई १ महिना सम्मको लागि औषधिहरु वितरण गरिएको र लकडाउनको अवधि बढ्दै गएमा निरन्तर औषधी वितरण गरिने योजना रहेको छ । पहिलो चरणमा गाउँपालिकाका ७ वटै वडाहरुका ३०० जना विरामीहरुलाई औषधी वितरण गरि सकिएको र करीव २५० भन्दा बढी विरामीहरुको लगत संकलन गर्ने कार्य भई सकेको हुँदा उक्त विरामीहरुलाई पनि तत्काल औषधी वितरण गरिने कार्यक्रम रहेको छ । साथै गाउँपालिका क्षेत्र भित्रमा मानसिक विरामीहरुलाई पनि गाउँपालिकाबाट नै मनोसामाजिक परामर्शकर्ताहरु मार्फत परामर्श प्रदान गर्ने कार्य भई रहेको छ।

### राहतको सट्टा रोजगारीको अवसर

खाँडादेवी गाउँपालिकामा रहेका श्रमिक तथा रोजगारी गुमेका नागरिकहरुलाई लक्षित गरी पालिकाले राहतको सट्टामा रोजगारी दिने उद्धेश्यका साथ पालिकाबाट कुल ४० लाख बजेट विनियोजन गरी सबै वडाबाट योजनाहरु छनोट गर्न लगाई योजनाहरुका लागि बजेट विनियोजन गरी सोही योजनाहरुको काममा कोभिड-१९ को कारणबाट रोजगारी गुमेका पालिका भित्रका श्रमिकहरुलाई रोजगारी दिने कार्यको थालनी गरेको छ । सडक, बाटोघाटो निर्माण, खानेपानी मर्मत, मन्दिर, चौतारा, कृषि लगाएतका विकास निर्माणका योजनाहरुलाई प्राथमिकता दिदै सो क्षेत्र अन्तर्गतका योजनाहरु वडा स्तरबाट छनोटका आधारमा पालिकाबाट स्वीकृत गरी उक्त क्षेत्रसँग सम्बन्धित योजनाहरुको निर्माणका कार्य संचालन गर्दा स्काभेटर लगाएतका कुनै मेसिनरी औजार प्रयोग गर्न नदिई पालिका भित्रका नागरिकहरुलाई रोजगारी दिईने व्यवस्था गरिएको छ ।



*नयाँ गोरख गण रामेछाप खद्धारा तयार गरिएको इप्रोभाइज फेस सिल्ड*

# कोभिड-१९ मैत्री एम्बुलेन्स

जिल्लामा संकट व्यवस्थापन केन्द्र र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार सबै पालिकाका एम्बुलेन्सलाई कोभिड-१९ मैत्री बनाउने निर्णय भएको छ । हाल सम्म ६ वटा देहाय बमोजिमका एम्बुलेन्सलाई नयाँ गोरख गणको प्राविधिक सहयोग र सम्बन्धित निकायको आर्थिक सहयोगमा कोभिड-१९ मैत्री एम्बुलेन्स तयार गरी जिल्ला संकट व्यवस्थापन मातहत राखिएको छ । मन्थली नगरपालिका, दोरम्बा गाउँपालिका, गोकुलगंगा गाउँपालिका, उमाकुण्ड गाउँपालिकाको एम्बुलेन्सलाई कोभिड-१९ मैत्री बनाउने क्रममा रहेको छ । साथै अन्य विरामी र जिल्ला बाहिर जानु पर्दा प्रमुख जिल्ला अधिकारीको अनुमति लिनु गर्ने व्यवस्था गरिएको छ ।

## जिल्लामा तयारी अवस्थामा रहेका एम्बुलेन्स विवरण

| स्थानीय तह | एम्बुलेन्स नं. | सम्पर्क नं. | निकाय |
|---|---|---|---|
| रामेछाप नगरपालिका | बा. २ झ १७५२ | ९७४४०१६३४० | श्री जिल्ला अस्पताल रामेछाप |
| | बा. ११ च. ९८९९ | ९८४१४७०७१९ | श्री गोठगाउँ स्वास्थ्य चौकी |
| | बा. १९ च. ३९२४ | ९८६१९९३६५१ | श्री साँघुटार स्वास्थ्य चौकी |
| | बा. २ झ ४४२२ | ९८४०६०८२५८ | श्री रामेछाप नगरपालिका |
| मन्थली नगरपालिका | बा. १० च. ४४४२ | ९८६४००७२८०<br>९८५४०४०१२८ | श्री रेडक्रस सोसाईटी मन्थली |
| | बा. १३ च. ५४८८ | ९८४४२४२१३६ | श्री तामाकोसी अस्पताल |
| | प्रदेश-३-०१-०२३ च ०४०२ | ९८६०६९८४७४ | श्री मन्थली नगरपालिका |
| | बा. १९ च. ३९१९ | ९८६९४१७१२६ | श्री गेलु चनखु संचालक समिति |
| | बा. २ झ ४४६२ | ९८६१३७७२३२ | श्री गेलु प्राथमिक स्वास्थ्य केन्द्र |
| | प्रदेश-३-०१-००२ झ ४९४४ | ९८४१७५२०५५ | फुलासी स्वास्थ्य चौकी |
| | बा. १९ च.३९२३ | ९८४४१४१६२९ | श्री दोरम्बा डडुवा फुलासी एम्बुलेन्स संचालक समिति |
| खाँडादेवी गाउँपालिका | प्रदेश-३-००२-५०३८ | ९८६३५२६८१९ | खाँडादेवी विकास कोष |
| गोकुलगंगा गाउँपालिका | बा १९ च २८३ | ९८४८९३४५५० | चुचुरे स्वास्थ्य चौकी |
| | बा. २ झ १०५७ | ९८६०५४९४२७ | श्री बेताली स्वास्थ्य चौकी |
| उमाकुण्ड गाउँपालिका | ज. १ झ. ४१२ | ९८६४३३४०७७ | श्री गुम्देल स्वास्थ चौकी |
| | ज. १ च. १६६९ | ९८४५१६६७१२ | श्री बाम्ती स्वास्थ्य चौकी |
| | ज. १ झ ४१४ | ९८१३८६२८३० | प्रिति स्वास्थ्य चौकी |
| | बा. १९ च ३९२० | ९८४६७७१०६४ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| लिखु तामाकोसी गाउँपालिका | बा. १० च ४४४४ | ९८६०१५८३०९ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| | बा. २ झ ४०१६ | ९८४८८५७७९४<br>९८४३४९१४३३ | श्री लिखु तामाकोसी गाउँपालिका |
| | बा. २ झ ४०१५ | ९८६०७१९१३७<br>९८६११८६९७९ | |

## COVID-१९ Friendly एम्बुलेन्स

| निकाय | एम्बुलेन्स नं. | चालकको नाम | सम्पर्क न |
|---|---|---|---|
| जिल्ला अस्पताल | बा २ झ १७५२ | नर बहादुर तामाङ | ९७४४०१६३४० |
| नेपाल रेडक्रस सोसाईटी | बा १० च ४४४२ | हरि थापा | ९८५४०४०१२८ |
| रामेछाप नगरपालिका | बा १२ च ५५५५ | तिर्थ बहादुर वि.क. | ९८६०४४११२५ |
| | ज १ च १०५१ | कृष्णबहादुर कार्की | ९७४४०५९७९४ |
| स्वास्थ्य चौकी, सुनापति | बा. २ झ ६७६ | चन्द्रलाल चौलागाई | ९८१३५३६९७७ |
| खाँडादेवी गाउँपालिका | बा १९ च. ३९२२ | कैलाश कार्की | ९८४९७५६७४९ |



*नयाँ गोरख गण रामेछापको प्राविधिक सहयोगमा तयार गरिएको COVID-19 Friendly एम्बुलेन्स*

## बजार अनुगमन

महामारीको रुपमा फैलिएको कोडिभ-१९ को कारण लकडाउन गरेको अवस्थामा जिल्ला प्रशासन कार्यालयको समन्वयमा जिल्लाको मुख्य बजार क्षेत्रहरुमा खाद्यान्न, तरकारी, फलफुल लगायतका अत्यावश्यक वस्तु तथा सेवाहरु विक्री वितरण गर्ने पसलहरुको अनुगमन गरिएको छ । अनुगमनको क्रममा म्याद नाघेको, कृत्रिम अभाव सिर्जना गरेको जस्ता समस्या नभएको पाईएको छ । निश्चित दूरी कामय गरी खरिद विक्रीको व्यवस्था मिलाउन निर्देशन दिएको छ ।

लकडाउनको अवधिमा खाद्यन्न लगायतका अत्यावश्यक ढुवानी नियमित रुपमा भई रहेको हुँदा अत्यावश्यक सामाग्रीहरुको अभाव देखाई मूल्यवृद्धि गरी कालोबाजारी गर्ने, लुकाउने, कृत्रिम अभाव सिर्जना गर्ने र आपूर्तिमा अवरोध गर्ने जस्ता अवान्छित क्रियाकलापहरु भए गरेको पाईएमा गुनासो सुनुवाईका लागि देहाय बमोजिमको संयन्त्र गठन गरिएकोले सम्पर्क गर्नु हुन अनुरोध छ ।

**देहाय**

| नाम थर | पद | कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|
| श्री रामप्रसाद भट्टराई | प्र.अ. | जिल्ला प्रशासन कार्यालय | ९८४१४३११०२ |
| श्री मेघनाथ गौतम | का.प्र. | घरेलु तथा साना उद्योग का. | ९८४९५६६९४३ |
| श्री केशव प्र. घिमिरे | अध्यक्ष | उद्योग बाणिज्य संघ | ९८५४०४००५२ |
| श्री दिपक कार्की | सचिव | उपभोक्ता मञ्च | ९८४४२५८८७६ |



*प्रमुख जिल्ला अधिरकारी सहित सुरक्षा निकाय सम्बद्ध पदाधिकारीहरु बजारमा लकडाउनको प्रभावकारीताको अनुगमन गर्दै*

यस जिल्लामा नागरिकहरुले दैनिक उपभोग गर्ने खाद्यान्न नून, तेल, चिनी लगायत उपभोग्य बस्तुहरुको संचिति प्रयाप्त रहेको छ । विक्रि वितरणलाई व्यवस्थित गर्दै संक्रमणमुक्त बनाउन र अत्यावश्यक बस्तुको अभाव हुन नदिन रामेछाप उद्योग बाणिज्य संघका पदाधिकारीसँग निरन्तर समन्वय गर्दै आपूर्ति व्यवस्था मिलाईएको छ । आपूर्ति व्यवस्थाका सम्बन्धमा सुरक्षा निकाय सम्मिलित टोलीबाट निरन्तर अनुगमन भई रहेको छ ।

आम उपभोक्ताको मागलाई सम्बोधन गर्दै उपभोग्य बस्तुको सहज विक्री वितरण गर्न विभिन्न समयमा सूचना जारी गरिएको छ । बजार अनुगमनलाई सम्बद्ध पक्षको संलग्नतामा सबै क्षेत्र समेटिने गरी विभिन्न समूहमा विभाजन गरी एकै पटक बजार अनुगमन गरिएको छ ।



*बजारमा दैनिक उपभोग्य वस्तु तरकारी खरिद गर्दै*

## तरकारी तथा फलफूलजन्य वस्तु आयतमा रोक

कोभिड-१९ को संक्रमणको जोखिमलाई न्यून गर्न मिति २०७७/०२/१८ को सर्वपक्षीय छलफलबाट मिति २०७७/०२/०१ गते सम्म तराई लगायत अन्य जिल्लाबाट ढुवानी हुने हरियो तरकारी, फलफूल, माछा, मासु, अण्डा र कुखुराको ढुवानीमा रोक लगाईएको छ ।

**घरमानै बसौं कोरोना भाइरसबाट आफू बचौं र अरुलाई पनि बचाऔं।**

## गैससद्धारा स्वास्थ्य समाग्री सहयोग

गैर सरकारी महासंघले जिल्ला विपद् व्यवस्थापन समिति मार्फत जिल्लाका विभिन्न निकायका अवरोत्र फिल्डमा खटिने सुरक्षाकर्मी, ट्राफिक, प्रहरी, थुनुवा कैदीहरु, जिल्ला प्रशासन कार्यालय रामेछापमा आउने सेवाग्राहीहरुलाई वितरण गर्ने प्रयोजनका लागि मास्क, सेनिटाइजर र सेवाग्राहीको स्वास्थ्य परीक्षण गर्न प्रयोग हुने १ थान थर्मल गन सहयोग गरेको छ

## जिल्ला प्रशासन कार्यालयमा हेल्थ डेक्स

विभिन्न प्रयोजनमा जिल्ला प्रशासन कार्यालयमा प्रवेश गर्ने व्यक्तिहरुलाई स्वास्थ्य परीक्षणको लागि हेल्थ डेक्स स्थापना गरिएको छ । मन्थली नगरपालिकाको सहयोगमा राखिएको हेल्थ डेक्सबाट ज्वरो चेक, मास्क र स्यानीटाइजरको प्रयोग पछि मात्र प्रशासनमा प्रवेश गर्न पाईने व्यवस्था मिलाईएको छ ।



जिल्ला प्रशासन कार्यालय रामेछापको हाताभित्र मन्थली नगरपालिकाद्धारा सञ्चालित हेल्थ डेक्स

## नेपाल रेडक्रस सोसाईटी रामेछापद्वारा संचालित कार्यहरु

कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यले यस जिल्ला सदरमुकाम प्रवेशको मुख्य नाका भैसेश्वरमा नेपाल रेडक्रससोसाईटी रामेछापले सवारी साधनहरुको किटाणु शोधन गर्नका लागि Sodium Hypochlorite Solution को प्रयोगबाट जोखिम निर्मलीकरण गरी बैशाख महिनामा १३ सय वटा सवारी साधनहरुमा Sanitization गरी सवारी साधनहरुलाई जोखिममुक्त बनाईएको छ । आगामी दिनमा पनि यस किसिमको कार्यलाई निरन्तरता दिने नेपाल रेडक्रसद्वारा व्यवस्था मिलाईएको छ । साथै रेडक्रसद्वारा संचालित एम्बुलेन्सलाई कोरोना मैत्री एम्बुलेन्स रुपमा तयार गरी सञ्चालनको लागि तयारी अवस्थामा राखिएको छ ।



*सामाजिक दूरीको पालना गराउँदै रामेछाप उद्योग बाणिज्य संघका पादाधकारीहरु*

## रामेछाप उद्योग बाणिज्य संघको गतिविधि

१. जिल्लामा अत्यावश्यक खाद्यान्न सामाग्रीहरु आपूर्ति तथा ढुवानीको लागि जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी जिल्ला अभाव हुन नदिने व्यवस्था मिलाउने कार्यमा सहयोगीको भूमिका निर्वाह गरेको छ।

२. जिल्ला भित्रका सबै पालिकामा रहेको खाद्यान्न सामाग्रीहरुको स्टक रहेको दैनिक उपभोग्य बस्तुको संकलन गर्ने कार्य गरेको ।

३. जिल्ला भित्रिने मुख्य नाका सेलेघाटमा अपलपत्र परेका पैदलयात्री करीव २०० जनालाई खाजा पानीको व्यवस्था गरेको ।

४. लिखु-१ जलविद्युत आयोजनाका श्रमिकहरु मन्थली बजार अलपत्र परेकाहरुलाई बास र खानाको प्रबन्ध गरी सवारी साधन व्यवस्था गरी आयोजना तर्फ पठाएको ।

५. सुरक्षाकर्मीको सहयोगमा अत्यावश्यक वस्तु तथा सेवा प्रदान गर्ने व्यवसायीक स्थानहरुमा सामाजिक दूरी कायम गराईएको ।



*नेपाल रेडक्रसका कर्मचारीद्वारा सवारी साधनलाई **Disinfection** स्प्रे गर्दै*

# सवारी पास सम्बन्धी व्यवस्थापन

कोभिड-१९ को संक्रमण, रोकथाम र नियन्त्रणका लागि भएको बन्दावन्दी (Lockdown) को अवधिमा अत्यावश्यक कार्यका लागि पासको व्यवस्था गरिएको छ ।

लकडाउनको सुरुका दिनहरुमा अत्यावश्यक कार्यका लागि म्यानुअल पास जारी गर्ने व्यवस्था मिलाईएकोमा मिति २०७७/०१/०२ मा भएको परिपत्र अनुसार ई-पास वितरण गरिएको छ । भौगोलिक रुपमा इमेल इन्टरनेटको सहज पहुँचबाट टाढा रहेका नागरिकहरु लगायत सम्बन्धित निकायहरुलाई कार्यालयबाट नै ई-पास आवेदन भर्ने व्यवस्था गरी पास जारी गर्ने कार्यलाई सहज बनाईएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्या:- शा.सु. ०७६/०७७-६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ३६८४

सिंहदरवार,
काठमाडौं, नेपाल

मिति: २०७७।०१।३०

**विषय:- सवारी पास सम्बन्धमा ।**

**श्री प्रमुख जिल्ला अधिकारीज्यू,**
**जिल्ला प्रशासन कार्यालय, सबै ।**

प्रस्तुत विषयमा कोभिड-१९ को बढ्दो संक्रमणलाई मध्यनजर गर्दै सवारी पास उपलब्ध गराउने सम्बन्धमा मिति २०७७ जेठ १ गतेबाट लागू हुने गरी अनिवार्य रुपमा निम्नानुसार गर्ने गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

१. एक जिल्लाबाट अर्को जिल्ला जाने गरी यसअघि जारी गरिएका ई-पास लगायतका सम्पूर्ण सवारी पासहरु खारेज गर्ने ।

२. एक जिल्लाबाट अर्को जिल्ला जाने गरी अत्यावश्यक कामका लागि पास जारी गर्नुपर्ने अवस्था भए उपत्यका बाहिरका जिल्लाहरुको हकमा पास जारी गर्ने जिल्लाले पुग्ने जिल्लाका प्रमुख जिल्ला अधिकारीको स्वीकृतिमा मात्र पास जारी गर्ने ।

३. काठमाण्डौं उपत्यका बाहिरका जिल्लाले काठमाण्डौं उपत्यका प्रवेश गर्नका लागि पास जारी गर्नुपर्ने अत्यावश्यक भए गृह मन्त्रालयको स्वीकृतिमा मात्र पास जारी गर्ने ।

४. पास स्वीकृतिका लागि अनुरोध गर्दा पास जारी गर्नुपर्नाको प्रयोजन र पुष्ट्याई समेत खुलाई पठाउने ।

५. काठमाण्डौं उपत्यका प्रवेशका लागि पास जारी गर्दा जारी पासमा गृह मन्त्रालयको स्वीकृति नम्बर समेत उल्लेख गर्ने ।

६. जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको पास विना एक जिल्लाबाट अर्को जिल्ला जाने गरी सवारी आवागमन भए गरेको पाइए तत्काल शुरु जिल्लाले नै अर्को जिल्ला पुग्नु अगावै सवारी आवागमन रोक्ने व्यवस्था मिलाउने ।

२०७७।०१।३०
(सहदेव गौतम)
शाखा अधिकृत

**अवगतार्थ:**
**माननीय गृह मन्त्रीज्यूको सचिवालय, गृह मन्त्रालय ।**
**श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय ।**

**बोधार्थ:**
**श्री विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा, गृह मन्त्रालय ।**
**श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, सबै प्रदेश ।**
**श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौं ।**
**श्री सशस्त्र प्रहरी बल, नेपाल,प्रधान कार्यालय, हलचोक, काठमाण्डौं ।**
**श्री राष्ट्रिय अनुसन्धान विभाग, वरफवाग, काठमाण्डौं ।**

## आयोजनाको सहजीकरण

जिल्लामा संचालित विभिन्न विकास निर्माणका कार्यलाई लकडाउनको अवधिमा पनि संचालनका लागि नेपाल सरकार तथा प्रदेश सरकारको निर्णयानुसार निर्माण क्षेत्रमा स्वास्थ्य सुरक्षाका सावधानी अपनाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य सम्बन्धी प्रोटोकलको पालना गर्ने सहितका शर्तहरु तोकी सरकारी तथा निजी क्षेत्रबाट जिल्लामा संचालित राष्ट्रिय गौरवका प्राथमिकता प्राप्त र गाउँपालिका, सदरमुकाम जोड्ने ठूला आयोजना सञ्चालनका लागि सहजीकरण गरिएको छ ।

**टोल फ्रि नं. १६६०४८५४११४**
स्वास्थ्य कार्यालय, रामेछाप

# आवागमनको लागि स्वीकृति आवश्यक

गृह मन्त्रालयको मिति २०७७/०१/३० गतेको परिपत्र अनुरुप उपत्यका भित्र प्रवेश गर्ने सवारी साधनलाई गृह मन्त्रालयको स्वीकृति र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको स्वीकृतिमा मात्र पास जारी गर्ने व्यवस्था सुरु गरिएको छ ।




मन्थली नगरपालिका




रामेछाप नगरपालिका



खाँडादेवी गाउँपालिका



उमाकुण्ड गाउँपालिका



लिखु तामाकोसी गाउँपालिका



दोरम्बा गाउँपालिका



सुनापति गाउँपालिका




*मन्थली बजार क्षेत्रमा Disinfection स्प्रे गर्दै*

## प्राय: सोधिने प्रश्नहरू

**नोवेल कोरोना भाइरस भनेको के हो ?**

यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**

नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै बैज्ञानिक आधार हाल छैन।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन् ?**

सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन्। दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्त्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ ?**

मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म बैज्ञानिक तबरले पुष्टी भएको छैन। हाललाई यस बिषयमा अनुसन्धान भइरहेको छ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ ?**

अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तबरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ ?**

सामान्यतय: यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा यकिन जानकारी छैन। तथापि: रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

**के कोरोना भाइरसको लागि उपचार छ ?**

नोवेल कोरोना भाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन। यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरूको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ। साथै यस भाइरसको बिरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन।



*प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माज्यूबाट क्वारेन्टाइन अनुगमन गर्दै*



*कार्यालय परिसरमा Disinfection स्प्रे गर्दै*

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय, रामेछाप**
**संकट व्यवस्थापन केन्द्र, रामेछाप**
**Crisis Management Center, Ramechhap**
फोन नं. ०४८-५४०३३३, ५४०१३३, ५४०३७०, फ्याक्स नं. ०४८-५४०५०१, ५४००८८
Email: daoramechhap@gmail.com, Web: daoramechhap.moha.gov.np टोलफ्री नं. १६६०४५५४८८८